मन्थन

पुस्तक समीक्षा

साहित्यकारको आँखामा
जलवायु परिवर्तन



पुस्तक : *द ग्रेट डिरेन्जमेन्ट : क्लाइमेट चेन्ज एण्ड द अनथिन्केबल*
लेखक : अमिताभ घोष
प्रकाशक : पेन्गुइन बुक्स इण्डिया, २०१६
पृष्ठ : २८४
मूल्य : २६.५० डलर
ISBN-13: 978-0670089130

समीक्षक : अजय दीक्षित

विश्व जलवायु परिवर्तन धेरैको चासोको बनेको छ यतिबेला। यसबारे वैज्ञानिक, अर्थविद्, समाज वैज्ञानिक र प्राविधिज्ञहरूले थुप्रै पुस्तक लेखेका छन्। विश्वका नेता, क्रिश्चियन धर्मगुरुका साथै ब्याङ्कर्सहरूले पनि जलवायु परिवर्तन नकार्न नसकिने वास्तविकता भइसकेको स्वीकारेका छन्, यद्यपि जलवायु परिवर्तन भएको छैन भन्ने पात्र अमेरिकी राष्ट्रपतिको चुनाव लड्दैछन्। नेपाललगायत अन्य विकासशील मुलुकहरूमा जलवायु परिवर्तनबारे अझ व्यापक चासो व्यक्त भएका छन्, किनकि यी मुलुकले जलवायु परिवर्तनको प्रत्यक्ष असर बढी भोगिरहेका छन्।

मन्थन मा जलवायु परिवर्तनबारे समीक्षा गरिएको यो तेस्रो पुस्तक हो। यसअघि यसै स्तम्भमा एन्थोनी गिडेन्स र नाओमी क्लाइनका पुस्तक समीक्षा गरिसकिएका छन्। यसपटक समीक्षा गरिएको प्रस्तुत पुस्तक *द ग्रेट डिरेन्जमेन्ट* भारतीय मूलका उपन्यासकार अमिताभ घोषले लेखेका हुन्। समग्र मानव सभ्यतालाई असर गर्ने प्रक्रिया भए पनि, जलवायु परिवर्तनको विषयमा उपन्यासकार, कवि र अन्य आख्यानकारहरूले खासै कलम चलाएका छैनन्। घोष भन्छन्, *'लन्डन बूक रिभ्यू, न्यूयोर्क बूक रिभ्यू, जर्नल रिभ्यू* जस्ता प्रकाशनका पाना पल्टाउँदा यो प्रष्ट हुन्छ।' यी प्रकाशनमा जलवायु परिवर्तनका गैरआख्यान कृतिले मात्रै स्थान पाएका छन्। जलवायु परिवर्तनलाई लिएर उपन्यास लेखिएका छैनन्। यद्यपि उपन्यासकारहरूले जलवायु परिवर्तनबारे नलेखेका भने होइनन्। घोष भारतीय उपन्यासकार अरुन्धती रायको उदाहरण दिंदै भन्छन्, "अरुन्धती शब्द केलाउन र माला उन्न खप्पिस लेखिका हुन्, उनमा विषयप्रतिको संवेदना र भावुकता पनि छ, तर जलवायु परिवर्तनबारे उनका लेख गैरआख्यान पङ्क्तिमा पर्छन्।" घोष जलवायु परिवर्तनले ल्याएको सङ्कटलाई साहित्यकर्मीको आँखाबाट केलाउँछन् र भन्छन्, "जलवायु सांस्कृतिक सङ्कट पनि हो, जसले मानव सभ्यतालाई विनाश गर्न सक्छ।"

तापक्रम बढेर उत्तरी तथा दक्षिणी ध्रुव र हिमालयको हिउँ परिलएर समुद्र सतह बढेपछि, बङ्गालका खाडीछेउ रहेका सुन्दरवन मात्रै होइन, कलकत्ता, न्यूयोर्क, ब्याङ्कक् जस्ता शहर पनि बस्नलायक रहने छैनन्। त्यस सम्भावित विषयलाई साहित्यकारले आफ्नो परिकल्पनामा कसरी उन्लान्? "साहित्यकारले यस विषयमा कलम नचलाएमा उनीहरूले परिकल्पना गर्न नसकेको मानिनेछ" घोष भन्छन्, "जलवायु परिवर्तन एउटा वैज्ञानिक वा प्राविधिक विषय मात्रै होइन, यसको अध्ययनमा संस्कृति, साहित्य, शक्ति र राजनीतिका प्रसङ्ग पनि समेटिनुपर्छ।"

कथा, इतिहास र राजनीति

पुस्तकमा जलवायु परिवर्तनबारेको विवेचनालाई तीन खण्डमा विभाजित गरिएको छ– कथा, इतिहास र राजनीति। १०४ पृष्ठको पहिलो खण्डमा १८ उपखण्ड, ३८ पृष्ठको दोस्रो खण्डमा ८ उपखण्ड र ५८ पृष्ठको तेस्रो खण्डमा ८ उपखण्ड छन्। पुस्तकका २१४ पृष्ठमा लेख र ५४ पृष्ठमा सन्दर्भ सामग्री समेटिएको छ। पहिलो खण्डमा हरेक सभ्यतामा प्रचलित कथा-संस्कारको स्मरण गर्दै रामायण, महाभारत, जातक कथा, उर्दू दस्तान र इलियादका उदाहरण दिइएको छ। यो खण्डमा जलवायुसित जोडिएका व्यक्तिगत र अन्य अनुभव प्रस्तुत गरिएको छ। घोष सन् १८७८ मा दिल्लीमा आएको एउटा आँधीको उल्लेख गर्छन् जसमा उनी आफैं परेका थिए। त्यसबेला जलवायु परिवर्तनबारे बहस नै शुरू भएको थिएन। त्यो आँधीका कारण आठ जनाको मृत्यु भएको थियो भने ७०० मानिसमा त्यसको प्रत्यक्ष असर परेको थियो। त्यस्ता घटना नियमित भइरहन्छन् तर मानव समाजको स्मृतिमा रहिरहँदैनन्। प्रकृतिका यस्ता घटना साहित्यको स्मरणमा पनि परेका छैनन्। घोष भन्छन्, "यस्ता घटना साहित्यिक हिसाबले लेख्न सजिलो हुँदैन।" सुनामी, बाढी र समुद्र-सतहमा वृद्धि तथा समुद्री किनारासित जोडिएका अन्य थुप्रै प्राकृतिक घटनाहरूले ल्याएका विनाशका कथा छन्, तर ती साहित्यिक हिसाबले लेखिएका छैनन्।

प्रकृतिको व्यवहार बुझ्न नसक्दा के हुँदोरहेछ त भन्ने उदाहरण घोषले प्रस्तुत गरेका छन् पुस्तकमा। कलकत्ता शहरको विकास शुरू हुनुअघि इष्ट इन्डिया कम्पनीले त्यो शहरभन्दा ५५ किलोमिटर दक्षिण-पूर्व नदीको किनारामा रहेको मतला भन्ने ठाउँमा बन्दरगाह

तापक्रमसँगै समुद्र सतह बढेपछि कलकत्ता, न्यूयोर्क, ब्याङ्कक् जस्ता शहर समेत बस्नलायक रहने छैनन्। त्यस सम्भावित विषयलाई साहित्यकारले आफ्नो परिकल्पनामा कसरी उन्लान् ? यथार्थमा, जलवायु परिवर्तन एउटा प्राविधिक विषय मात्रै होइन, यसको अध्ययनमा संस्कृति, साहित्य, शक्ति र राजनीतिका प्रसङ्ग पनि समेटिनुपर्छ।

बनाउने प्रस्ताव गरेको थियो। त्यहाँ बन्दरगाह बनाउनु उपयुक्त छैन भन्ने तर्क प्रस्तुत गर्दै पिडिङ्गटन भन्ने व्यक्तिले सन् १८५३ मा एउटा पर्चा स्थानीय गभर्नर जनरललाई बुझाएका थिए। बङ्गालको खाडीमा आउने समुद्री आँधीको अध्ययनपछि पिडिङ्गटनले त्यो ठाउँ समुद्री बाढीबाट प्रभावित हुने सम्भावना औंल्याएका थिए तर निर्माणको क्रम रोकिएन। सन् १८५७ मा बन्दरगाह निर्माण शुरू गरियो र १८६४ मा त्यसको उद्घाटन पनि भयो। तर उद्घाटन भएको तीन वर्षपछि नै समुद्री आँधी र बाढीले त्यो बन्दरगाह ध्वस्त पारिदियो। बाढीका कारण तहसनहस भएका थुप्रै यस्ता मानवनिर्मित संरचनाहरू विस्मृतिमा परेका उदाहरण छन्। नेपालकै एउटा उदाहरण लिऊँ। सन् १८६२ मा मर्चवार क्षेत्रमा सिंचाइका लागि बुटवलनजिक हात्तीसूँडेस्थित तिनाउ नदीमा एउटा ब्यारेज र त्यसबाट नहर प्रणाली निर्माण गरिएको थियो। ब्यारेज निर्माण भएको एक वर्षमै तिनाउ नदीमा आएको बाढीले नदीको धारलाई ब्यारेजबाट पश्चिमपट्टि लगिदियो। त्यो नहर प्रणाली कहिल्यै सञ्चालन हुन सकेन। ब्यारेज चाहिं एउटा चिहानको रूपमा रहेको छ, विकास यात्राको क्रममा विस्मृतिमा हराएको।

हात्तीसूँडे ब्यारेज त एउटा प्रतिबिम्ब मात्रै हो। बाढी र खडेरीका कारण नियमित र निरन्तर मानिसहरू प्रभावित हुन्छन्, तिनको जनजीविका हरिन्छ, ती विपन्नताको कुचक्रमा जाकिन पुग्छन्। तत्काल केही राहत दिने काम हुन्छ, तर बिस्तारै पर्दा खस्छ, नाटकको अन्त्य हुन्छ। पछिल्लो कालखण्डमा युद्धका कथाहरू लेखिएका छन् तर अन्य पीडाका कथा छैनन्। जलवायु परिवर्तनले बाढी र खडेरीका घटनाहरू बढाउने हुँदा जनजीविका खोसिने, विपन्नतातर्फको यात्रा लिन हजारौं साना एवं सीमान्तमा रहेका किसानहरू बाध्य हुनेछन्। यस्ता चुनौती यस क्षेत्रको वास्तविकता हो। लेखक घोषको भनाइ जस्तै यस्ता चुनौतीको निदान प्राविधिक तरीकाले मात्रै हुन सक्दैन, लेखक, सामाजिक चिन्तक, उपन्यासकार र कविका कलमको सहयोग पनि उत्तिकै आवश्यक हुन्छ।

घटना र अनुसन्धान

घोषका उपन्यास गहकिला र अनुसन्धानमा आधारित हुन्छन्। यो पुस्तकको स्तर पनि निकै गहकिलो छ, तर एउटा विषयमा अपूरो अध्ययन प्रयोग भएको छ। घोष २०१० मा पाकिस्तानमा आएको बाढी र २००८ मा नेपालको कोशीको बाढीको उदाहरण दिन्छन्। यी दुवै घटनालाई हिउँ पग्लिएर आएको बाढी भनेका छन्। वायुमण्डलमा तापक्रम बढेपछि हिमालय क्षेत्रको तापक्रम पनि उच्च भएर हिमनदी पग्लिनु अस्वाभाविक होइन, यसै पनि हिमालय क्षेत्रमा तापक्रम बढ्ने दर अन्यत्रभन्दा उच्च छ। तर सन् २०१० मा पाकिस्तानमा आएको बाढी हिउँ पग्लिएर होइन व्यापक पानी पर्नाका कारण थियो भने कोशी नदीमा २००८ मा ठूलो बाढी आएको नभई तटबन्ध फुटेर नदी गाउँतिर पसेको थियो। गहन अनुसन्धान गर्ने लेखकबाट कसरी यस्तो त्रुटि हुन पुग्यो, विचारणीय छ।

राजनीतिको सन्दर्भ

जलवायु परिवर्तन कसरी शुरू भयो र त्यसलाई कसरी बुझ्ने? त्यसका लागि यूरोपको इतिहासतिर पुग्नुपर्ने हुन्छ। यूरोपको इतिहासमा औद्योगिक क्रान्ति कालखण्ड महत्त्वपूर्ण आयाम हो। औद्योगिक कालखण्ड अगाडिका पुनर्जागरण र पहिलो औद्योगिक क्रान्ति अगाडिको यूरोपेली ज्ञानोदिपनको समय त्यतिकै महत्त्वपूर्ण छन्। पुनर्जागरण कालखण्डपछि वैज्ञानिक संस्कार स्थापना हुन थालेको हो। त्यसैबेला यूरोपमा पूँजीवादी व्यवस्था घनीभूत हुन शुरू भएको हो। यूरोपेली ज्ञानोदिपन कालखण्डमा चिन्तक र दार्शनिकहरूले नयाँ विचार प्रतिपादित गरे, विज्ञान, साहित्य, दर्शन, राजनीतिजस्ता विषयमा। त्यस समयका चलाख व्यक्तिहरूले यस्ता विचारलाई व्यावहारिक जीवनमा प्रयोग गरेर औद्योगिक क्रान्ति अगाडि लगेका थिए।

औद्योगिक क्रान्तिका सिर्जनाहरू नाफा कमाउने ध्येयबाट पनि निर्देशित थिए। विस्तारै नयाँ प्रविधि आविष्कार भए र प्रयोगमा आए। प्रविधिको विकास र परिमार्जनको एउटा तात्विक आधार थियो कोइलाको दोहन र प्रयोग। सन् १७७० तिर व्यापक हुन थालेको कोइला बाल्ने क्रम अझै जारी छ, विद्युत् ऊर्जा उत्पादनका लागि। कोइलाको दोहन शुरू भएको सय वर्षपछि सन् १८५० तिर खनिज तेलको उत्खनन् व्यापारिक हिसाबले हुन थालेपछि प्रविधि परिमार्जन हुने क्रम बढ्यो, पश्चिमी मुलुकहरू औद्योगिक यात्रामा अगाडि बढे, सम्पन्न भए तर त्यहाँको सामाजिक र आर्थिक व्यवस्था कार्बन पदचिह्न स्थापित गर्ने बाटोमा बाँधिन पुग्यो। अन्य मुलुक त्यस बाटोमा लागिसकेका थिएनन्। अब त भारत, चीनलगायत अन्य मुलुकहरूको पनि कार्बन पदचिह्न बढ्न थालेको छ।

नयाँ संस्कारको खोजी

पश्चिमी विश्वलाई घोषले 'एड्लोस्फेर'को संज्ञा दिएका छन्। उनी भन्छन्, "जलवायु परिवर्तनले एड्लोस्फेरको जीवनपद्धति असर पर्ने आख्यान अगाडि आएको छ।" जलवायु परिवर्तन र समाजबारे विवेचना गर्दै यो चुनौतीको प्राविधिक नभई सांस्कृतिक हिसाबले निदान खोज्नुपर्छ। 'पश्चिमी मुलुकका आख्यानहरूमा: हाम्रो जीवनपद्धति' प्रभावित हुने भन्ने विवरण प्रस्तुत हुन्छन् जलवायु परिवर्तनको सन्दर्भमा। जबकि वास्तविक असर भोग्ने तप्का विकासोन्मुख मुलुक र त्यहाँका बासिन्दा नै हुन्। तिनको हक कसरी प्रत्याभूत गर्ने? वैकल्पिक बाटो हुनसक्छ कि सक्दैन? पश्चिमी आधुनिकता नै अगाडिको विकास बाटो र गन्तव्य हो भन्ने विचार सबैतिर हावी भएको देखिन्छ। वैकल्पिक गन्तव्यको खोजी गर्ने चिन्तकहरू छन् तर यो चिन्तनलाई बढ्दो हिंसाले ओझेलमा पारेको अनुभूति हुन्छ। जलवायु परिवर्तनले हिंसा र सुरक्षाको पक्ष प्रभावित गर्ने विषयलाई पनि घोषले पुस्तकमा समेटेका छन्।

नेपालमा पनि जलवायु परिवर्तन प्राविधिक विषयको रूपमा स्थापित छ। समीक्षक विगत दुई दशकदेखि नेपाल र नेपालीलाई जलवायु परिवर्तनले पार्ने असरसित कसरी अभ्यस्त रहनेलगायतका प्रश्नहरूको जवाफ खोज्न प्रयासरत छ। अनुभव भन्छ, "जलवायु परिवर्तनको विषय आईपीसीसी, यूएनएफसीसी, दाता समुदाय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनमा कार्यरत विशेषज्ञहरूको सेरोफेरोमा घुम्ने गरेको छ।" आईपीसीसीका वर्णमाला र प्रक्रियाहरूबारे यो तप्का पोख्त छ, तर जलवायु परिवर्तनका ऐतिहासिक, सामाजिक, राजनीतिक एवं संरचनागत चुनौतीहरू आफैं संयोजन हुने मान्यता बोक्छ।

नेपालमा जलवायु परिवर्तनको यावत् जिम्मा वातावरण मन्त्रालयले पाएको छ भने स्थानीय विकास, अर्थ र गृह मन्त्रालयजस्ता संयन्त्रको दैनिकीमा प्राथमिकतामा पनि पर्न सकेको छैन। अर्कोतर्फ इतिहासकार, सामाजिक चिन्तक एवं समाजका पथप्रदर्शकहरू छन्, जसको मान्यता जलवायु परिवर्तन प्राविधिक विषय भएकाले यसको निराकरण पनि त्यही हिसाबले हुन्छ भन्ने छ। आगामी दिनहरूमा जलवायु परिवर्तनको चुनौतीलाई साहित्यकार, कवि अन्य साहित्यकारहरूले आख्यानको रूपमा पनि सशक्त रूपमा उठाउनुपर्ने लेखक घोषको यो प्रस्ताव नेपालका लागि उत्तिकै सान्दर्भिक छ। गैरआख्यानबाट आख्यानतर्फ जलवायु परिवर्तनलाई समेट्नुपर्ने कुरा आजको आवश्यकता पनि हो।

एउटा अपराधीको आत्मवृत्तान्त



पुस्तक : *द लाइफ एण्ड क्राइम्स अफ चार्ल्स शोभराज*
लेखकहरू : रिचर्ड नेभिल र जुलिया क्लर्क
प्रकाशक : जोनाथन केप लि., १९७९
पृष्ठ : ३६८
मूल्य : ५४.३२ डलर
ISBN: 13: 978-0224017763

समीक्षक : स्नेहा पाण्डे

रिचर्ड नेभिल (Richard Neville) र जुली क्लर्क (Julie Clarke), द्वारा अनुसन्धान गरिएको यो पुस्तक चार्ल्स शोभराजको जीवनगाथा हो। सन् १९६० र ७० को दशकमा भियतनाम युद्धबाट दिक्क भएका अमेरिकी एवं अन्य यूरोपेली युवाहरू हिप्पी बनेर नेपाल, भारत र थाइल्यान्डतिर घुम्न आउँथे। शोभराजमाथि त्यसरी घुम्न आएका थुप्रै विदेशीको हत्या गरेको आरोप छ। विभिन्न मुलुकका प्रहरी शोभराजको खोजीमा थिए। भारतमा समातिएपछि शोभराजलाई नयाँदिल्लीको तिहाड जेलमा बन्दी बनाइयो तर हत्या गरेको प्रमाणित नभएपछि जेलबाट छुटे।

तिहाड जेलमा बन्दी अवस्थामा नै नेभिलले शोभराजको अन्तर्वार्ता लिएका थिए भने क्लर्कले अरूसित वार्ता गरेकी थिइन्। शोभराजका डरलाग्दा अपराधका विवरणका कारण मात्र होइन मानसिक समस्याले ग्रस्त निर्दयी हत्याराको चरित्र चित्रणका कारण पनि यो पुस्तक महत्त्वपूर्ण छ। अपराध र अपराधशास्त्रबारे चासो राख्ने सबै मानिसलाई पुस्तक उपयोगी सामग्री हुनेछ।

नेभिल भन्छन्, "शोभराजसित सम्बन्ध बढाउन मलाई गाह्रो परेको थियो। उसको विपरीत उद्देश्य हासिल गर्ने व्यवहार बुझ्न सजिलो थिएन। अन्तर्वार्ता लिने क्रममा शोभराजले लटरपटर पार्न खोज्थ्यो, स-साना कुरा बताउँदा पनि ऊ आफ्नो हित मात्रै बढोस् भन्ने प्रयास गर्थ्यो। लेखकहरूलाई प्रभावित पार्ने उसको नियत स्पष्ट थियो।"

आफ्नो विरुद्धमा यी लेखकहरूले बयान दिने छैनन् भन्ने विश्वस्त भएपछि मात्रै शोभराज आत्मकथाका लागि आफ्ना जघन्य अपराधहरूको विवरण खुलस्त पार्न तत्पर भएको थियो। त्यसपछि उसले कसैसित पनि अपराध स्वीकार गरेको छैन।

सन् २००३ मा काठमाडौंमा हिंड्दै गर्दा शोभराज समातियो र त्यसपछि ऊ निरन्तर नेपालको जेलमा बन्दी जीवन बिताइरहेको छ। दोभाषेको काम गरेकी आफूभन्दा आधा उमेर कान्छी नेपाली युवतीसित शोभराजको बिहे पनि भयो, बन्दी अवस्थामै। ती युवतीकी आमा पेशाले वकील थिइन्, तर शोभराजबाट साह्रै प्रभावित। शोभराजको पक्षबाट तिनले अदालतमा बहस पनि गरिन्। शोभराजका विरुद्धमा दिएको निर्णय गलत भयो भनी उनले अदालत विरुद्ध अनर्गल टिप्पणी गरेको कुरा पनि एक पटक निकै चर्चित भएको थियो।

तिलस्मी जीवन

चार्ल्स शोभराजको जीवन तिलस्मी भन्न लायक छ। अरूलाई आफ्नो प्रभावमा ल्याउने शोभराजको प्रतिभा विलक्षण थियो। उसलाई एकपल्ट जाँचेका डाक्टरले भनेका थिए, "चार्ल्स शोभराज लोग्नेमान्छेको उत्कृष्ट रूप हो।" उसबाट प्रभावित व्यक्तिहरू जस्तोसुकै स्तरमा ऊरेर पनि अप्ठेरोमा परेको शोभराजलाई छुटाउने प्रयास गर्थे। शोभराजका शब्द एवं अन्य जालमा परेर लोग्नेमान्छे तथा स्वास्नीमान्छेहरू फन्दामा फसेका थिए। भेट्न आउनेहरू उसका व्यवहारकै कारण प्रभावित हुन्थे। धेरैले भन्थे शोभराज, मान्छेको मन पढ्न, मित्रता कायम गर्न र अरूलाई आफ्नो स्वार्थ अनुसार व्यवहार गराउन माहिर छ। कसैको त उसमा दैवी शक्ति छ भन्नेसम्म पनि विश्वास थियो। हुन पनि शोभराज विभिन्न मुलुकका अधिकारीलाई एकपटक होइन, धेरैपटक धोका दिन सफल भएको थियो। समातिए पनि ऊ फुत्किन्थ्यो। प्रहरीको पकडमा नआउने भएकाले शोभराजलाई धेरैले 'सर्प' सरह भन्थे। आफ्नाबारे व्याप्त यस्ता गन्थन सबै हल्ला हुन्, सत्य होइन भनेर शोभराजले कहिल्यै पनि प्रतिवाद गरेन, बरु त्यस्ता हल्लालाई पनि आफ्नो फाइदाका लागि प्रयोग गऱ्यो।

अपराधका फेहरिस्त

हिप्पी मार्गका हत्या मात्रै होइन शोभराजका अरू थुप्रै अपराध थिए। उसको जीवनकथा विभिन्न महादेशभित्र घुम्छ। पुस्तकमा समेटिएका घटना कहिले बिस्तारै आउँछन्, कहिले एकदम छिटो। शोभराजद्वारा पीडित, मित्र, परिवार र उसका पछि लाग्नेहरूका रमाइला विचार र अनुभूति पुस्तकमा पढ्न पाइन्छ। पुस्तक पढ्न शुरू गर्दा यो समीक्षकलाई लागेको थियो, शोभराजको आत्मवृत्तान्त एउटा दुष्ट व्यक्तिको कथा हो। तर लेखकद्वयले आख्यानलाई त्यस्तो बन्न दिएका छैनन्। प्रेम, धोका, षडयन्त्र र मृत्युका विवरणभन्दा शोभराजको केटाकेटी जीवन चाखलाग्दो

शोभराजको विश्वास थियो, उसको दुर्दशाका लागि भाग्य र उसलाई नागरिकता नदिने मुलुकहरू जिम्मेवार छन्। आफ्ना यस्ता अनुभवबाट सिक्दै उसले आफूलाई परिवर्तन गऱ्यो र अन्ततोगत्वा हत्यारा बन्यो।

प्रेम, धोका, षडयन्त्र र मृत्युका विवरणभन्दा शोभराजको केटाकेटी जीवन चाखलाग्दो देखिन्छ। यही उमेरमा उसको मनस्थिति नकारात्मक हिसाबले यस्तो बन्यो र पछि परिवर्तन हुन सकेन। उमेर बढ्दै गएपछि ऊ अपराधी बन्यो।

देखिन्छ। यही उमेरमा उसको मनस्थिति नकारात्मक हिसाबले यस्तो बन्यो र पछि परिवर्तन हुन सकेन।

शोभराजका बाबु सम्पन्न भारतीय थिए र आमा भियतनामी, तर ती दुईको दाम्पत्य जीवन चलेन। भारतीय बाबुले भारतीय महिलासित बिहे गरेपछि शोभराज र उसकी आमा घर छोड्न बाध्य भए। यसरी सम्पन्नताबाट शोभराज सडकमा आइपुग्यो।

शोभराजको बाल्यकालमा युद्ध चलेको भियतनाममा जताततै बम खसिरहेका हुन्थे। सडकमा खसेको बमबाट शोभराज दुईपल्ट बाँचेको थियो जबकि उसका छेउमा रहेका व्यक्तिहरू पुतलीजस्तै उडेका थिए। यसरी बमबाट बचेपछिको शोभराजलाई के विश्वास भयो भने "ऊ अजेय छ। उसका छेउछाउका व्यक्तिहरू दुःखमा पर्न सक्छन्... तर उसलाई केही हुँदैन।"

फ्रेन्च भाषाको बोर्डिङ स्कूलमा शोभराज पढ्दै थियो तर ऊ आफ्ना साथीहरूसित मिल्न सकेन। बरु ऊ तीबाट एक्लिन पुग्यो। युवावस्थामा त शोभराज गल्ती गरेको स्वीकारोक्ति र पछुताउ पनि गर्थ्यो। उमेर बढ्दै गएपछि त्यस्ता आचरणहरू शोभराजबाट बिस्तारै हराउँदै गए। ऊ मानसिक हिसाबले असन्तुलित बन्न पुग्यो, अपराधी बन्यो। उसले गरेका स-साना अपराधका कारण कुनै पनि मुलुकले शोभराजलाई नागरिकता दिन मानेनन्। फलस्वरूप उसको जीवन सामान्य बन्न सकेन यद्यपि समाजसित जोडिने र इज्जतदार बन्ने शोभराजलाई ठूलो रहर थियो।

उमेर बढ्दै गएपछि शोभराजले गुमाएको जीवन फेरि पाउने अपेक्षा गर्न थाल्यो र उसको प्रयास सम्पन्नता, भोगविलाश, धन र आदरयुक्त जीवनको खोजमा बित्यो। उसको चाहना आफ्नो बाबु जस्तै धनी बन्ने थियो र उसको एउटै ध्येय थियो, पैसा कमाउने। तर मिहिनेत गरेर पैसा कमाउने उसको चाहना थिएन। भियतनामका सडकमा उसले एउटै ज्ञान सिकेको थियो– कसैको हत्या उद्देश्य प्राप्तिका लागि एउटा उपयुक्त बाटो पनि हुनसक्छ। त्यसैले ऊ आफूले गरेका सबै हत्या ठीक छन् भन्थ्यो। उसले देखेको युद्धका अत्याचारको तुलनामा उसका कर्तुत केही थिएनन्। शोभराजका अनुसार, उसले एउटा पनि असल व्यक्तिको हत्या गरेन, सबै बदमासै थिए।

अपूरो आकाङ्क्षा

लेखकद्वय भन्छन्, केटाकेटी अवस्थामा शोभराजले प्रेम र मित्रताजस्ता चरित्र विकास गर्न मिहिनेत नगरेको होइन तर ऊ त्यो प्रयासमा सफल हुन नसकेको अनुभूति गर्दै हुर्कियो। जीवनको पहिलो २० वर्षसम्म शोभराज आफ्नो आवेग र आवेशमा काम गर्ने बानी हटाउने प्रयासमा थियो। सो क्रममा उसले तर्क, चातुर्य र आध्यात्मिक विधि पनि प्रयोग गऱ्यो। बेलाबेलामा भाइबहिनी, पहिलो पत्नी र छोरीलाई केही ममता देखाए पनि आफ्नो जुवाडे बानी, नास्तिक सोच र उच्च जोखिम जीवनका कारण उसले कसैबाट पनि आत्मीयता पाउन सकेन। नातागोता दुःखका कारण मात्रै हुन् भन्दै शोभराजले अन्त्यमा ती सबैलाई परित्याग गऱ्यो। म मात्रै ठीक छु, अरू छैनन् भन्ने विचारले जकडिएको शोभराजलाई इमानदारीको कुनै बोध नभएको पुस्तक पढेपछि स्पष्ट हुन्छ।

अनेकन् असफलता र गिरफ्तारी भोग्नुपरे पनि शोभराजको छिटो पैसा कमाउने आकाङ्क्षा भने मर्न पाएन। यस हिसाबले शोभराज मानवीय क्षमताको प्रतिबिम्बको रूपमा देखिन्छ। जेलभित्र होस् वा बाहिर, कुनै काम गर्नुपर्छ भन्ने निर्णय गरेपछि सो हासिल गर्न ऊ अनेक उपाय निकाल्थ्यो।

उसका बारेमा पढेका-सुनेका धेरैले शोभराज व्यक्ति जन्मजातै अपराधी हो भन्ने मान्यता राख्छन्। तर पुस्तकका अनुसार ऊ जन्मजात अपराधी थिएन। आफूलाई जे गर्दा फाइदा हुन्थ्यो, त्यही अनुरूप ऊ आफूलाई परिवर्तन गर्थ्यो। पुस्तकको हरेक पृष्ठमा ऊ एउटा त्यस्तो व्यक्तिको रूपमा देखिन्छ जसको मनमा दया र करुणा शब्द थिएनन्। जिन्दगीले शोभराजलाई मतलबी, निर्दयी र एउटा घृणित व्यक्ति बनायो जसलाई आफ्नो बाहेक अरू कसैको बारेमा कुनै चासो भएन। आफ्ना कुरा मान्नेहरूप्रति मात्रै ऊ निष्ठा देखाउँथ्यो। उसको विश्वास थियो, उसको दुर्दशाका लागि भाग्य र उसलाई नागरिकता नदिने मुलुकहरू जिम्मेवार छन्। आफ्ना यस्ता अनुभवबाट सिक्दै शोभराजले आफूलाई परिवर्तन गऱ्यो र अन्ततोगत्वा हत्यारा बन्यो।

ब्याङ्कमा धनाढ्य जवाहरात व्यापारीका रूपमा शोभराजले आफ्नो जीवनको सबैभन्दा डरलाग्दो समय बितायो। यही समयको सेरोफेरोमा उसले थुप्रै व्यक्तिहरू हत्या गरेको थियो जसलाई मार्नु आवश्यक थिएन। शोभराज तर्क गर्छ, "हत्या गर्नु ठीक थियो, ठूला डनहरूले ती स-साना लागूऔषध व्यापारीहरूलाई मार्ने आदेश दिएका थिए।" तर उसको तर्क पुष्टि गर्ने आधार छैनन्। अनावश्यक रूपमा गरिएका हत्याले प्रश्न उठाउँछन्, के शोभराजलाई मान्छे मार्न रमाइलो लाग्थ्यो? के आफ्ना लुकेका अँध्यारा आकाङ्क्षा पूरा गर्न उसले हत्या गरेको थियो? शोभराजको भनाइलाई आधार माने पनि लेखकद्वयको स्वीकारोक्ति छ, शोभराजले उपलब्ध गराएको तथ्य उनीहरूले सकेसम्म पुष्टि गर्ने प्रयास गरेका त छन् तर पूर्ण सत्य मानेका छैनन्। पुस्तकले थुप्रै विषयको जवाफ दिँदैन, र त्यो खोज्ने जिम्मा पाठकसमक्ष छाडेको छ। शोभराजका स्वीकारोक्ति पढ्दा के लाग्छ भने उसलाई कुरा लुकाउने आवश्यकता थिएन। उसले आफ्ना वास्तविकता बताउनै नचाहेको हुन सक्छ। विश्वास गर्नु-नगर्नु पाठकको निर्णय हो।

यो पुस्तक शोभराज वा उसका अपराधको स्पष्टीकरण होइन,। यसले उसको वस्तुपरक जीवन-प्रसङ्ग प्रस्तुत गर्छ। कुनै पनि व्यक्तिले खोज्ने सफलताका आधार हुन्– सम्पत्ति, विद्वत्ता, रूप र आकर्षक व्यक्तित्व। चार्ल्स शोभराज भन्ने व्यक्तिसित यी सबै आधार थिए तर ऊ समाजको सीमान्तमा बाँचेको एक्लो हत्यारा बन्न पुग्यो। परिस्थितिले व्यक्तिलाई विकृत बनाउन सक्छ र त्यो व्यक्तिले समाजमा ठूलो तर अनावश्यक दुःख दिन्छ भन्ने नै किताब पढिसक्दा लागिरहने कुरा हो। 📖

(पाण्डे जलवायु परिवर्तन विषयमा रुचि राख्छिन्।)

चीनका मौन सेना



पुस्तक : *चाइनाज साइलेन्ट आर्मी : द पायोनियर्स, ट्रेडर्स, फिक्सर्स एण्ड वर्कर्स हु आर रिमेकिङ द वर्ल्ड इन बेइजिङ्स इमेज*
लेखक : Juan Pablo Cardenal, Heriberto Araujo
अनुवादक (अंग्रेजी) : क्याथरिन म्यान्सफिल्ड
प्रकाशक : क्राउन पब्लिसर, न्यूयोर्क, २०१३
पृष्ठ : ३५०
मूल्य : १५ डलर
ISBN: 9780385346597

समीक्षक : विष्णुराज उप्रेती

नेपालको उत्तरी छिमेकी मुलुक चीनका बारेमा लेखिएको यो पुस्तक शुरूमा स्पेनिस भाषामा लेखिएको हो। यसका लेखक दुवैजना पत्रकार हुन्। पुस्तकको अंग्रेजी अनुवाद क्याथरिन म्यान्सफिल्डले गरेकी हुन्। ३५० पृष्ठको यो पुस्तक वर्णनात्मक छ, तालिका र चार्ट छैनन्। आफ्नो तर्क प्रस्तुत गर्न लेखकद्वयले ७७ पृष्ठ लामो फुटनोट प्रस्तुत गरेका छन्। पुस्तकमा नौवटा खण्ड छन्– *मिङ्गोङ्गहरूले विश्व लिदैछन्, नयाँ सिल्क रोड, नयाँ पश्चिम चिनियाँ खानी, चीनको काला: सुनको आक्रमण, चिनियाँ विश्वको आधार, विश्व कारखानाका नयाँ प्रताडितहरू, चिनियाँ जादूले व्याख्या गरेको ग्रह, मध्य अधिराज्यको चिनियाँ शासन र उपसंहार: विश्वको नयाँ मास्टर।* नेपालको छिमेकी आज यो स्थितिमा कसरी आइपुग्यो, त्यस मुलुकले के-कस्ता नीति लिएको छ भन्ने प्रसङ्ग बुझ्न पुस्तक साह्रै उपयोगी छ। प्राज्ञिकहरूले खोज्ने अवधारणागत र विधिगत गहिराइ भने पुस्तकमा पाइँदैन।

मौन सेना सरहका नागरिक

चीनलाई विश्व शक्तिका रूपमा अगाडि लैजान मौन रूपमै महत्त्वपूर्ण भूमिका खेल्ने चीनका नागरिकलाई सेनाको रूपमा प्रस्तुत गरिएको छ पुस्तकमा। विश्वका विभिन्न मुलुकमा तेल उद्योग, खानी, बाँध, व्यापार, निजी क्षेत्र र विकासका पूर्वाधार निर्माणमा संलग्न आम चिनियाँ नागरिक मौन सेनाका सदस्य रहेको लेखकद्वयको ठहर छ। विगत केही दशकयता विश्वभरि फैलिएका चिनियाँ व्यापारी, प्राविधिक, उद्यमी र कार्यकर्ता चीनलाई एशियाको शक्तिशाली र विश्व शक्ति बनाउन महत्त्वपूर्ण भूमिका खेल्दैछन्। चीनले एशिया, अफ्रिका, दक्षिणी अमेरिका र मध्यपूर्वमा लगानी गर्दै गरेका प्राकृतिक स्रोत, नयाँ बजार सिर्जना तथा बृहत् पूर्वाधार निर्माणका दृष्टान्त पुस्तकमा समेटिएको छ। यी क्रियाकलापले चीनलाई अमेरिका र पश्चिम यूरोपको बजारमा आफ्नो पहुँच बढाउन बाटो खोलेको छ। व्यापक रकमको लगानी, प्रभावकारी र चाखलाग्दो वैदेशिक सम्बन्ध, मिहिनेत गर्ने हजारौं उद्यमी र व्यापारी एवं विश्वबजारमा चीनमा उत्पादित सरसामानको बाहुल्यकै कारण चीन यो अवस्थामा पुगेको हो। त्योभन्दा महत्त्वपूर्ण आधार हो– विश्व शक्ति बन्ने दूरदृष्टि, प्रतिबद्धता, अठोट र महत्त्वाकांक्षा बोकेको नयाँ पुस्तामा चीनको राजनीतिक शक्ति हस्तान्तरण।

राजनीतिक नेतृत्वको 'विश्व नेता बन्ने' उद्देश्य हासिल गर्न चिनियाँ कम्पनी र त्यहाँका जनताले कसरी भूमिका खेल्दैछन् भन्ने दृष्टान्तको सँगालो हो पुस्तक, न कि ऐतिहासिक दस्तावेज। चीनको प्रभाव बढाउन आयात-निर्यात (एक्सिम) ब्याङ्क र चाइना विकास ब्याङ्कजस्ता वित्तीय संस्थाले लिएको बाटो र विधि पुस्तकमा समेटिएका छन्। उदाहरणका लागि "यी ब्याङ्कहरूले राज्यद्वारा सञ्चालित व्यापारिक प्रतिष्ठानहरूलाई विभिन्न क्षेत्रमा जेथा खरीद गर्न र प्राकृतिक स्रोत दोहनका लागि ठूलो ऋण प्रदान गर्छन्। यसरी उपलब्ध गराइएको रकमले चिनियाँ कम्पनीहरूलाई बजारमा चलेको भन्दा कम दरमा ठेक्का प्राप्त गर्ने मौका दिलाउँछ।" इरान, इक्वेडर, भेनेजुयला, एङ्गोला, काजकास्थान, कङ्गोलगायत अन्य अफ्रिकी, एशियाली र दक्षिण अमेरिकी मुलुकहरूमा यस्तो रकम लगानी गरिएको छ। चीनले ती मुलुकमा आफ्नै कामदार पुऱ्याउँछ, जसले गर्दा लगानीको केही प्रतिशत चीनतर्फ फर्काउन सहयोग पुगेको छ। साथै, यसले चीनका 'मौन सेना' को पहुँच विश्वभरि पुग्ने बाटो पनि खोलिदिएको छ।

पुस्तकका अनुसार २००९/१० मा पश्चिमी मुलुकमा देखिएको सङ्कटमा, चीनले विश्व ब्याङ्कभन्दा बढी ऋण प्रदान गऱ्यो। त्यस वर्ष चिनियाँ ब्याङ्कहरूले अन्य मुलुकलाई ११० अर्ब डलर ऋण प्रदान गरे। यो क्षमताले चीनलाई एउटा अचूक अस्त्र प्रदान गरेको छ। चीनको अन्तर्राष्ट्रिय कूटनीति र विश्व प्रभावका लागि मात्र होइन यसले 'चीन इन्कर्पोरेटेड' अर्थात् पार्टी-राज्य, चिनियाँ ब्याङ्कहरू र राज्य नियन्त्रित कम्पनीहरूलाई आफ्ना प्रतिद्वन्द्वीलाई धराशायी पार्ने बलियो औजार पनि दिएको छ। अमेरिका, जापान र पश्चिम यूरोपेली मुलुकलाई व्यापारबाट प्रभावित पार्न चीनले ती मुलुकका निजी कम्पनीहरूसित सहकार्य गर्दै तिनका ब्राण्ड र प्रविधि आफ्नो बजारमा उपलब्ध गराउँछ।

रणनीतिक चासो

चिनियाँ सरकारको रणनीतिक चासो पनि प्रष्ट पारिएको छ पुस्तकमा। विश्व तेल उत्पादनको केन्द्रबिन्दु मानिने इरान, मध्य एशिया, मध्यपूर्व एशिया र पूर्वी उत्तर अफ्रिकामा हुँदै गरेको चीनको संलग्नता यस रणनीतिको दृष्टान्त हो। इरान र सुडानजस्ता मुलुकका उदाहरण

अमेरिकाले कुनै मुलुकलाई एक्ल्याउन चाहेमा अरू मुलुक तिनको सहयोगमा आउनेछन्। यो तर्कको व्याख्या गर्दै लेखकद्वय भन्छन्, "अमेरिकाले सुडानलाई एक्ल्याउनखोज्दा त्यहाँ चीन लगानीकर्ता बनेर भित्रियो।" त्यस्तै गरी पश्चिमी मुलुकहरूले इरानलाई एक्ल्याउँदा त्यहाँ पनि चीन नै प्रवेश गऱ्यो र ईएनआई, रेप्सोल, ब्रिटिश पेट्रोलियम जस्ता पश्चिमी कम्पनीको स्थान लियो।

पनि पुस्तकमा दिइएको छ। ती मुलुक वासिङ्टन र ब्रसेल्सका शत्रु सरह छन्। अमेरिका र यूरोपेली मुलुकहरूले तिनीहरूसित अन्य मुलुकले बढाएका सम्बन्धको विरोध पनि गरेको देखिन्छ तर चीनको ती मुलुकसित सुमधुर सम्बन्ध छ। चीनको यो रणनीति अमेरिकाको लागि एउटा सन्देश हो, अमेरिकाले कुनै मुलुकलाई एक्ल्याउन चाहेमा अरू मुलुक तिनको सहयोगमा आउनेछन्। यो तर्कको व्याख्या गर्दै लेखकद्वय भन्छन्, "अमेरिकाले सुडानलाई एक्ल्याउने रणनीति लिंदा त्यस मुलुकमा चीन लगानीकर्ता बनेर भित्रियो।" *(पृष्ठ १६५)* त्यस्तै गरी पश्चिमी मुलुकहरूले इरानलाई एक्ल्याउँदा त्यहाँबाट ईएनआई, रेप्सोल, ब्रिटिश पेट्रोलियम र अन्य तेल कम्पनीहरू बाहिरिए तर चीन भित्रिएर इरानमा ती कम्पनीको स्थान लिएको छ। चीन र इरानको वार्षिक व्यापार ३२ अर्ब डलर छ र हाल चीन नै इरानको सबैभन्दा ठूलो व्यापार साझेदार बनेको छ। रेल निर्माण गर्न पोख्त सीएसआर, पूर्वाधार निर्माण गर्ने सीआईटीआरसी र तेल सिनोन्ज्याक जस्ता राज्यको लगानी भएका कम्पनीहरू एङ्गोला, भेनेजुयला तथा अरब मुलुकहरूमा कार्यरत छन्। अझै केही मुलुकमा त चीनका चिनियाँ कम्पनीको मात्र वर्चस्व देखिन्छ। यी कम्पनीमा चीनका मौन सेना कार्यरत छन्।

अवसरको खोजी

आर्थिक अवसर बढाउने चीनको विदेश नीति र बजारमा आधारित आर्थिक व्यवस्था देङ सिआओ पिङको कालखण्डमा शुरू भएको हो। सन् १९७८-८९ का बीचमा प्रभावशाली रहेका व्यावहारिक नेता देङले चीनको आर्थिक विकासको जग हाले। माओत्सेतुङको मृत्युपछि उनले चीनमा बजारमा आधारित अर्थप्रणाली शुरू गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरी चीनलाई परम्परागत कम्युनिस्ट मुलुकभन्दा अगाडि लैजाने कार्यको शुरूआत गरे। वर्तमान राष्ट्रपति सि जिनपिङले पनि त्यही नीतिलाई अगाडि बढाउँदै छन्। यसको पछिल्लो उदाहरण हो– पश्चिमी मुलुकसरहको वितरणमा आधारित अर्थप्रणाली। यसमा उनीहरूले चिनियाँ सन्दर्भ अनुरूप तिखारिएको भ्रष्टाचारविरोधी व्यवस्था पनि घुसाएका छन्। व्यापारी, कार्यकर्ता र बिचौलियाहरूले त्यस मुलुकका रणनीति तर्जुमाकारको नीतिबमोजिम चीनलाई विश्वको सबैभन्दा ठूलो उद्योग व्यवसायको केन्द्रबिन्दु बनाएका छन्। १ अर्ब ३८ करोड जनसङ्ख्या भएको चीनको उद्देश्य सन् २०२० सम्ममा मध्यम आय भएको मुलुक बन्ने हो भने सन् २०४९ मा पूर्ण विकसित मुलुक।

कुनै पनि मुलुकको विकास त्यहाँका नेताको दूरदृष्टि, रणनीतिक प्रतिबद्धता, समर्पण, उचित नीति अनि विकासका लागि मानवीय स्रोतको उपयुक्त परिचालनमा भर पर्छ। चीनले आफ्नो रूपान्तरणमा यो सबै क्षेत्रमा लगानी गरेकाले त्यहाँ स्टील, सिमेन्ट, कोइला, गाडी निर्माण र खपतको क्रम बढेको हो। एशियन पूर्वाधार ब्याङ्कको स्थापना एउटा उदाहरण हो जसले चीनको प्रभाव निरन्तर बढाउने सङ्कल्प प्रष्ट पार्छ। राष्ट्रपति सिको नीतिले त्यहाँको कम्युनिस्ट पार्टीको मात्र होइन, विश्वस्तरका संस्थाहरूको समेत अनुमोदन पाएको छ। यी सबै सन्दर्भ मिलेका कारण चीन विश्वशक्ति बन्न सकेको हो।

चीनको यो भूमिका आलोचित नभएको होइन र गरिएको पनि छ। धेरैजसो आलोचना हुन्– चिनियाँ कम्पनीहरू आफूले काम गर्दै गरेका मुलुकका कामदारलाई कम पारिश्रमिक दिन्छन्, स्थानीय संस्कृति र मूल्यको आदर गरिदैन, स्थानीय कामदार संलग्न बजार चकनाचूर पारिन्छ भने स्थानीय ज्ञानबारे खासै चासो राखिदैन, आदि। कतिपय चिनियाँ लगानी पारदर्शी हुँदैनन् भन्ने आलोचना पनि छन्। लेखकद्वय भन्छन्, "चीनले तेल र खनिजजन्य क्षेत्रमा गरिने लगानीका विवरणहरू सार्वजनिक गर्न नमिल्ने श्रेणीमा राख्ने गरेको छ।"

दुई ठूला छिमेकीबीच

नेपालको उत्तरी छिमेकीको यस्तो यात्रामा दक्षिणी छिमेकी भारतको प्रसङ्ग उठाउनु अन्यथा हुँदैन। भारतले चीनलाई चुनौती दिनसक्ने र दिनुपर्नेछ भन्ने तर्क सुनिन्छन्। दुवै मुलुकका सन्दर्भ फरक छन् र प्रत्यक्ष तुलना सही होइन। भारत विविधता र भिन्नताले भरिएको मुलुक हो, जसका सामु मनग्ये चुनौती छन्। ती यावत् चुनौतीलाई व्यवस्थित नगरी भारतले चीनलाई आर्थिक हिसाबले चुनौती दिन सम्भव देखिन्न। चीन र भारतबीचको सम्बन्ध कसरी अगाडि बढ्ला भन्ने एउटा प्रश्न दक्षिण चीन सागरको द्वन्द्वले खडा गरेको छ। यो द्वन्द्वको निराकरण परम्परागत सैनिक शक्तिको प्रयोगबाट होला वा कूटनीति, राजनीतिक सुझबुझ एवं आर्थिक औजारहरूले भूमिका खेल्लान्? यस्ता प्रश्नहरूको जवाफ महत्त्वपूर्ण हुनेछ, चीनको विश्व भूमिकाको बाटो अगाडि बढाउन।

प्रगति पथमा अग्रसर चीन र भारतसित असल सम्बन्ध राख्नु नेपाललाई उन्नतिको बाटोमा लैजाने आवश्यक र प्रमुख आधार हो। छिमेकीको प्रगतिबाट फाइदा लिने हो भने नेपालले लिनुपर्ने अगाडिको बाटो हो– आफ्ना नागरिकको क्षमता अभिवृद्धिमा लगानी। यस्तो बाटो नलिने हो भने नेपाल र नेपालीले छिमेकी मुलुकको विकासबाट वास्तविक फाइदा लिन सक्ने छैनन्, यद्यपि केही पूर्वाधार निर्माण होलान्। आफ्ना नागरिकको हितलाई केन्द्रबिन्दुमा राखेर तदनुरूप नीति नलिएको भए चीन आजको स्थितिमा पुग्ने थिएन। यही सन्देश छ पुस्तकमा।

(उप्रेती द्वन्द्व निराकरणको विषयमा खास दक्खल राख्छन्।)

मध्य तथा सुदूरपश्चिमको
सर्वाधिक लोकप्रिय रेडियो

94 MHz
KRISHNASAR FM
कृष्णसार जतिकै तेज...

समसामयिक विषयमा स्थानीय बहस र
छिन छिनमा खबर तथा मनोरञ्जन

सिर्जनामार्ग, नेपालगञ्ज
फोनः ०८१-५२७४७७ (कार्यालय)
५२७८९४ (समाचार), ५२७७२२ (स्टुडियो)
इमेलः krishnasarfm@gmail.com